# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प. स. :-२०७९/०८०
च. नं. :- २४९६

मितिः २०७९।११।२२

**विषयः नगरस्तरीय आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सम्बन्धी थप स्पष्ट पारिएको सम्बन्धमा ।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै
दुहवी नगरपालिका, सुनसरी।

उपर्युक्त विषयमा नगरस्तरीय आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा २०७९ मिति २०७९/१२/०७ गते देखि सञ्चालन हुने परीक्षाको सम्बन्धमा च.न. २२६३ मिति २०७९।११।१२ गतेको पत्रानुसारको समय तालिका र निर्देशनका अतिरिक्त परीक्षा सम्बन्धमा थप स्पष्ट पार्न दुहवी नगरपालिका आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा परिचालन समितिको मिति २०७९/११।२२ को निर्णय अनुसार तपसिलका कार्य प्रक्रिया तोकिएको समय सीमा भित्र पुरा गर्न/ गराउनुहुन अनुरोध छ ।

तपसिलः

१. Google chrome वा आफुले प्रयोग गर्ने गरेको Browser मा गई https://iemis.doe.gov.np/ search गरी आफ्नो विद्यालयको IEMIS code र password लगाई दायाँ पट्टी रहेको Admit card मा click गरी दुई प्रति Admit card प्रिन्ट गर्ने,
२. Admit card प्रिन्ट गर्नु भन्दा पहिला परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको नाम, नामेसी, जन्म मिति, बाबु र आमाको नाम थर जन्म दर्ता प्रमाण पत्र अनुसार IEMIS मा हिज्जे सहित हुबहु भए नभएको सुनिश्चित गरी फरक भएमा सच्याउने र यो पटक Template मा विद्यार्थी विवरण सच्याउन नमिल्ने भएकाले IEMIS मा नै सच्याई IEMIS excel file मिति २०७९/११/२६ गते भित्र शिक्षा शाखामा बुझाउने,
३. Admit card प्रिन्ट गरीसके पछि प्रत्येक विद्यार्थीको Admit card मा रहेको Registration no को अन्तिमको सात अंक सहित अन्तिममा Capital 'D' लेखी Symbol no कायम गर्ने, जस्तैः Rg no 0604200027**900173** हुँदा Symbol no मा 7900173D लेख्ने,
४. Symbol no र विद्यार्थीको नाम हातले नै लेख्नु पर्नेछ ।साथै विद्यार्थीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति Admit card अनिवार्य टाँस गरेको हुनुपर्ने,
५. नगरस्तरीय आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षामा विद्यार्थी सामेल गराउने विद्यालयहरुले मिति २०७९/११/३० गते भित्र निम्न कागजात अनिवार्य रुपले शिक्षा शाखामा उपलब्ध गराउने ।
   i. परीक्षामा सामेल हुने परीक्षार्थीको नाम/थर, जन्ममिति, आमा वाबुको नाम IEMIS बाट झिकी प्र.अ. बाट प्रमाणित गरेर ल्याउनु पर्ने, हातले लेखेको मान्य हुने छैन ।
   ii. IEMIS बाट प्रिन्ट गरी फोटो टाँस गरिएको Admit card दुई प्रति ।
   iii. परीक्षार्थीको जन्मदर्ताको प्रतिलिपि ।

२०७९।११।२२

विकास घिमिरे
...अधिकृत (शिक्षा)